# मदाने गाउँपालिका
MADANE RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पुर्कोटदह, गुल्मी
Purkotdaha, Gulmi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Provience, Nepal


पत्र संख्या/ Letter No. २०७९/०८०
चलानी नं. / Ref. No.: सूचना नं. ४३

मिति: २०७९/१०/२९

## आ.व. ०८०/०८१ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्वन्धी सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली (संशोधन सहित), २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आर्थिक वर्ष ०८०/०८१ मा न्युनतम रोजगारीमा आबद्ध हुन चाहने इच्छुक १८ वर्ष देखि ४९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिले आफ्नो वडा कार्यलयमा २०७९ फाल्गुन मसान्त सम्म अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धीत वडा कार्यालय, मदाने गाँउ कार्यपालिकाको रोजगार सेवा केन्द्र तथा गाउँपालिकाको वेभसाईट www.madanemun.gov.np र प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्युनतम रोजगारी प्रदान गरी सहयोग पुर्‍याउने भएकोले सोही बमोजिमका व्यक्तीहरुलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ । साथै सूचीकरणको लागि निवेदन दिदा निवेदक र निजका परिवारको यथार्थ विवरण अनिवार्य रुपमा भर्नुहुन अनुरोध छ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :

१) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२) निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो

३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिता नं., जारी मिति र जिल्ला

४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता सिप, दक्षता तथा रोजगारीको अवस्था

५) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि नागरिकता प्रमाणपत्र अन्यत्रबाट जारी भएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपि र नागरिकता प्रमाण पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेखित भएको विवाहित महिलाको हकमा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि

६) कुल वार्षिक पारिवारिक आय परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाता बाट कुनै सहायता वा आम्दानी लिए नलिएको विवरण

७) निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपशिल बमोजिमको विवरण

८) देश.......... पासपोर्ट नं....................... विदेशमा गरेको कामसँग सम्बन्धीत सीप ... उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रूपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचीकृत गरिनेछ थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा मदाने गाँउ कार्यपालिकाको कार्यालयको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

२०७९।१०।२९

शालिकराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत